२०७५ असार
बुधबार
२०

मौसम प्रतिकूल हुँदा नेपाल र तिब्बततर्फ १ हजार ५ सयभन्दा बढी भारतीय तीर्थालु अलपत्र परेका भारतीय विदेशमन्त्री सुष्मा स्वराजले बताउनुभएको छ।



# अलपत्र तीर्थालु उद्धारमा सहयोग गर्न भारतको आग्रह

**नेपाल समाचारपत्र**

काठमाडौं

कैलाश-मानसरोवर तीर्थयात्रामा गएका आफ्ना मुलुकका तीर्थालु स्वदेश फर्कन नसकेपछि भारतले उद्धारमा चासो लिएको छ। निरन्तरको वर्षासँगै मौसम धुम्मिएर भारतीय यात्रु फर्कन नसकेपछि भारतले उद्धारमा आग्रह गरेको हो।

आइतबार अपरान्हदेखि नेपालगन्ज-हुम्ला हवाई उडान नभएपछि नेपाली तीर्थालुसमेत रोकिएका छन्। मौसम प्रतिकूल हुँदा नेपाल र तिब्बततर्फ १ हजार ५ सयभन्दा बढी भारतीय तीर्थालु अलपत्र परेका भारतीय विदेशमन्त्री सुष्मा स्वराजले बताउनुभएको छ। घटनाबारे सरकार र काठमाडौंस्थित भारतीय दूतावासलाई ध्यानाकर्षण गराउँदै उहाँले उद्धार र अन्य सहयोगका लागि आग्रह गर्नुभएको हो।

यो विषयमा गहिरो चासो व्यक्त गर्दै स्वराजले मंगलबार ६ पटक ट्वीट गर्नुभएको छ। 'नेपाल सरकार, नेपाली सेना र सैन्य हेलिकप्टरमार्फत् तीर्थयात्री उद्धारका लागि आग्रह गरिएको छ' -उहाँले ट्वीटमा उल्लेख गर्नुभएको छ। मन्त्री स्वराजका अनुसार हुम्लाको सिमीकोटमा ५ सय २५, नेपाल-चीन सीमाक्षेत्र हिल्सामा ५ सय ५० र तिब्बततर्फ ५ सय तीर्थालु अलपत्र परेका छन्।



मौसमको खराबीको आज पनि हेलिकोप्टर र हवाईजहाज उड्न सकेन चीनको पुराङमै रोकिनुपर्ने बाध्यता ।

मन्त्री स्वराजले घटनाबारे परराष्ट्र मन्त्रालयलाई अवगत गराउनुभएको र उद्धार अन्य सहयोगका लागि पहल अघि बढाइएको सो मन्त्रालयका सह-सचिव एवं भारत डेक्स प्रमुख भृगु ढुंगानाले बताउनुभयो। 'गृह मन्त्रालय र हुम्लाका प्रमुख जिल्ला अधिकारीमार्फत् समग्र वस्तुस्थिति बुझिरहेका छौं, मौसम सुधार भए लगत्तै उद्धार प्रकृया अघि बढ्ने छ' -उहाँले भन्नुभयो। स्वास्थ्य परीक्षण, खाद्य सामग्री र अन्य आवश्यक सामग्री वितरणको पहल अघि बढाइएको ढुंगानाले बताउनुभयो। तीर्थालुसँगको सञ्चार सम्पर्कका लागि तामिल, तलेगु, कनाडा, मलयामलगायतका भाषाको हटलाइन सुविधाका लागि नेपाली टेलिफोन नम्बर स्वराजले सार्वजनिक गर्नुभएको छ।

# फोटो प्रतियोगिताको घोषणा भोलि

**नेपाल समाचारपत्र**

काठमाडौं

फोटो पत्रकार क्लब नेपालले आयोजना गरेको आईएमई-ग्लोबल-आईएमई नेपाल फोटो प्रतियोगिता २०७५ को काठमाडौंमा निर्णायक चरण सम्पन्न भएको छ।

प्रतियोगिताका लागि देशभरबाट विभिन्न सात बिधामा ५ हजार ५ सय ८० फोटो प्राप्त भएको छ। दुई चरणमा निर्णायकहरूबाट सबै विधाका विजेतासहित उत्कृष्ट १ सय ६० फोटो छानिएका छन्।

विजेताको घोषणा भोलि दिउँसो कमलपोखरी स्थित रसियन कल्चर सेन्टरमा आयोजना हुने औपचारिक कार्यक्रममार्फत छनोटमा परेका फोटोबाट सबै विधामा पहिलो, दोस्रो र तेस्रो हुने साथै सर्वोत्कृष्ट एक फोटोलाई आईएमआई-ग्लोबल-आईएमआई बैंक 'फोटो अफ दि इयर' घोषित गरी पुरस्कारसमेत वितरण गरिनेछ।

वर्ल्ड प्रेस फोटोका निर्णायक मण्डलका सदस्य रहिसकेका भारतका वरिष्ठ फोटो पत्रकार पाब्लो बारथोलोमिओको अध्यक्षता रहेको निर्णायक मण्डलमा बरिष्ठ पत्रकार तथा बाह्रखरी डटकमका प्रधानसम्पादक प्रतीक प्रधान, वरिष्ठ फोटोपत्रकार एवम् क्लबका संस्थापक अध्यक्ष तथा सदृश्य डटकमका फोटो सम्पादक चन्द्रशेखर कार्की, वरिष्ठ फोटोग्राफर मणि लामा, काठमाडौं विश्वविद्यालय स्कुल अफ आर्टका कार्यक्रम संयोजक सुजन चित्रकार र एजेन्सी फ्रान्स प्रेस (एएफपी) का फोटोपत्रकार एवम् क्लबका निर्वतमान अध्यक्ष प्रकास माथेमा रहेका छन्।

निर्णायक चरणबाट छानिएका करिब १ सय ६० फोटोहरूलाई विजेता घोषणापछि काठमाडौं, विराटनगर, भैरहवा, पोखरा, नेपालगन्ज र धनगढीमा प्रदर्शनी गरिनेछ। 'आईएमई-ग्वोबल-आईएमई बैंक फोटो अफ दी इयर' विजेताले नगद १ लाख रूपियाँ पुरस्कार पाउनेछन्। प्रत्येक विधाका प्रथम, द्वितीय र तृतीय हुनेले नगद क्रमशः ३०, २० र १० हजार रूपियाँ पाउनेछन्। काठमाडौंमा यही साउन १५ देखि २१ गतेसम्म नेपाल आर्ट काउन्सिल बबरमहलमा प्रदर्शनी गरिने भएको छ।

# पूर्वडाँकूले बाँड्दै छन् अध्यात्मिक ज्योति




**नेपाल समाचारपत्र**

बाँके

सोले फिल्मका भिलेन गब्बरजस्तै। उनको नाम सुन्नेबित्तिकै मानिसहरू काम्थे। रोएका बच्चा चुप हुन्थे रे। १४ वर्षसम्म डाँकुका सरदार भएर जंगल बसे उनी। ५ सय ५६ जना डाँकुको नेतृत्व गरे। तिनै डाँकुका सरदार भारतीय नागरिक पञ्चम सिंहले नेपालका विभिन्न ठाउँमा पुगेर अध्यात्मको ज्योति बाल्दै हिँडेका छन्।

ब्रम्हकुमारी ईश्वरी विश्वविद्यालय एवं राजयोग प्रशिक्षण केन्द्र, नेपालगन्जले धम्बोझी चोकमा आयोजना गरेको साक्षत्कार एवं स्नेह मिलन कार्यक्रममा पूर्वकुख्यात डाँकु सिंहले सही मार्ग समात्न सबैलाई आग्रह गर्नुभयो। पूर्वडाँकु सिंहले १४ वर्षसम्म गरेको गल्तीको परमात्मासँग क्षमा माग्नुभयो।

५ सय ५६ जना डाँकुको सरदार सिंहले भारतका विभिन्न ठाउँमा १४ वर्षसम्म आतंक मच्चाएका थिए। सन् १९७२ मा तत्कालीन प्रधानमन्त्री इन्दिरा गान्धीले डाँकुहरूलाई आत्मसमर्पण गर्न आग्रह गर्नुभयो। सिंहले आत्मसमर्पण गर्नुभयो। उनलाई जेलमा राखियो। फाँसीको सजाय भयो। पछि जन्मकैदमा झारियो।

जेलमा रहेका डाँकुहरूलाई सुधार्न प्रधानमन्त्री गान्धीले भर्खर भर्खर स्थापना भएको ब्रम्हकुमारी विश्वविद्यालयलाई आग्रह गर्नुभयो। विश्वविद्यालयको टोलीले तीन वर्षसम्म जेलमा डाँकुहरूलाई आध्यात्मिक बाटो सिकायो। अन्ततः सय जना हत्याका आरोपी, डाँकुका सरदार, समात्नेलाई सरकारद्वारा दुई करोड पुरस्कार घोषणा भएका सिंह सुध्रिनुभयो। आठ वर्षमै उहाँको जन्मकैद माफ भयो। सिंह सुध्रिएपछि धेरै डाँकुहरू सुध्रिए। भारतकी चर्चित डाँकु फूलनदेवीले पनि समर्पण गरेको सिंहले जानकारी दिनुभयो।

प्रतिशोधको भावनाबाट प्रेरित भई डाँकु बनेका र भारतका ५ सय ५६ जना डाँकुको सरदार, सय हत्याका आरोपी सिंहले मध्यप्रदेश, उत्तर प्रदेश, राजस्थान, गुजरात, खास चम्बलको घाँटी पहाडी क्षेत्रमा हत्या, हिंसा, अपहरण र डकैती गरी आतंकित बनाएका थिए।

त्यही डाँकुले आज आध्यात्म बाँड्दै हिँडेका छन्। नराम्रो बाटोमा नलाग्न सबैलाई सम्झाएका छन्। राजयोगी बनेर ४६ वर्षदेखि देश विदेशमा आध्यात्माको ज्योति बाल्ने कार्यमा निरन्तर अघि बढेका छन्।

केन्द्रकी प्रमुख दुर्गा दिदी, पत्रकार पूर्णलाल चूके, नेपाली कांग्रेसकी जिल्ला सभापति किरण आचार्यले आध्यात्मिक बाटो समात्ने मान्छेले समाजलाई राम्रोतिर लैजान सक्ने बताउनुभयो। बाटोमा आयोजित कार्यक्रममा ब्रम्हकुमार आशिष भाईले दाँतले बसलाई तानेर देखाएका थिए।

# कोशी कटान क्षेत्रमा दुर्घटना, ६ को मृत्यु

सुनसरी, (नेस)

सुनसरीको कोशी गाउँपालिका वडा नम्बर ४ मा पर्ने कोशी कटान क्षेत्रमा सोमबार राति भारतीय नम्बरको बोलेरो जीप दुर्घटना हुँदा ६ जनाको मृत्यु भएको छ।

पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको बीआर ६ पीबी ६४१८ नम्बरको बोलेरो अनियन्त्रित भई कटान क्षेत्रमा पल्टिदा ६ जनाको मृत्यु भएको हो। दुर्घटनामा अन्य ३ जना गम्भीर घाइते भएका छन्। घाइते तीनै जनाको गम्भीर अवस्थामा विराटनगरस्थित सञ्जीवनी अस्पतालमा उपचार भइरहेको छ। मृतकमध्ये भारत सुपौल जिल्लाका ४० वर्षीय सञ्जित कुमार र गोनु कुमारको सनाखत भएको जिल्ला प्रहरी कार्यालय सुनसरीका डीएसपी नारायण चिमरियाले जानकारी दिनुभयो।

मृतकका आफन्तहरू सम्पर्कमा नआएका कारण सनाखत हुन ढिलाइ भइरहेको डीएसपी चिमरियाले बताउनुभयो। उनीहरू हिजो धरान भेडेटारलगायतका क्षेत्रमा घुमफिर गरेर फर्कने क्रममा रहेको प्रहरीले जनाएको छ। दुर्घटनाको प्रकृति हेर्दा मादक पदार्थ सेवन र तीब्र गतिमा सवारी चलाएका कारण दुर्घटना भएको हुनसक्ने प्रहरीले अनुमान गरेको छ।

# १२ जिल्ला न्यायाधीशको शपथ

काठमाडौं, (नेस)

भर्खरै नियुक्ति पाएका २२ जना जिल्ला न्यायाधीशहरूले शपथ लिएका छन्। न्याय परिषद्बाट सिफारिस भएका जिल्ला न्यायाधीशलाई एक कार्यक्रमका बीच पद तथा गोपनीयताको शपथ गराइएको हो।

शपथ ग्रहण गर्ने न्यायाधीशहरूमा चाणक्यमणि अर्याल, खिमानन्द भुसाल, सुदर्शन लामिछाने, टिकेन दाहाल, कपिलमणि गौतम, विदुर काफ्ले, ध्रुवकुमार उप्रेती, माधवप्रसाद सुवेदी, मणिराम न्यौपाने, गीता श्रेष्ठ चन्द्रकान्त पौडेल, देवप्रसाद योगी, दिलप्रसाद सापकोटा, वसन्तजंग थापा, श्यामलाल घिमिरे, प्रेमप्रसाद न्यौपाने, प्रल्हादकुमार योगी, दिनबन्धु बराल, विनोद खतिवडा, दण्डपाणि लामिछाने, दुर्गा खड्का र राजेशकुमार कटुवाल हुनुहुन्छ।

उहाँहरूलाई उच्च अदालत पाटनका मुख्य न्यायाधीश प्रकाश ढुंगानाले सर्वोच्च अदालतमा आयोजित कार्यक्रममा शपथ खुवाउनुभएको हो। न्यायपरिषद्को गत असार ७ गते बसेको बैठकले २२ जनालाई जिल्ला न्यायाधीशमा कायममुकायम प्रधानन्यायाधीश दीपकराज जोशीसमक्ष सिफारिस गरेको थियो।

नेपाल न्याय सेवाका उपसचिव वा सोसरहका राजपत्रांकित द्वितीय श्रेणीमा कार्यरत न्यायाधीशहरू संविधानको धारा १४९ को उपधारा ९१० बमोजिम बढुवा भइ जिल्ला न्यायाधीशमा नियुक्त भएका हुन्।

# कर्णालीका स्थानीय तहका पदाधिकारीले सेवासुविधा पाउने

दीपेन्द्र शर्मा, सुर्खेत

कर्णाली प्रदेशअन्तर्गतका स्थानीय तहका पदाधिकारीले सेवासुविधा पाउने भएका छन्।

कर्णाली प्रदेशसभाको मंगलबारको बैठकले कर्णाली प्रदेशका स्थानीय तहका पदाधिकारीहरूले पाउने सेवा सुविधा सम्बन्धी व्यावस्था गर्न बनेको विद्येयक २०७५ सर्वसम्मतले पारित गरेपछि सेवा सुविधा पाउने भएका हुन्।

केन्द्रले स्थानीय पदाधिकारीको सेवा सुविधाका लागि पठाएको सिलिङ घटाएर कर्णाली प्रदेशसभाले विद्येयक पारित गरेको छ। कर्णाली प्रदेशसभाको विधायन समितिले निर्णय गरी पठाएअनुसार नै कर्णाली प्रदेश सरकारले स्थानीय तहका पदाधिकारीको सेवा सुविधा तोकेको कर्णाली प्रदेश सरकारका प्रवक्ता एवम भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्री विमला केसीले जानकारी दिइन्।

कर्णाली प्रदेशअन्तर्गतका नगरपालिकाका प्रमुखहरूले मासिक रूपमा ३४ हजार, उपप्रमुखले ३० हजार, नगरपालिकाका वडा अध्यक्षले २० हजार, नगर कार्यपालिकाका सदस्यले ११ हजार तथा नगरपालिकाका वडा सदस्यले ६ हजार पारिश्रमिक पाउने मन्त्री केसीले बताइन्।

पारित भएको विधेयकमा उल्लेख भएअनुसार कर्णाली प्रदेशअन्तर्गतका गाँउपालिकाका अध्यक्षले ३० हजार ५ सय, उपाध्यक्षले २५ हजार, गाँउपालिकाका वडा अध्यक्षले १९ हजार, गाँउकार्यपालिका सदस्यले १० हजार तथा गाँउपालिकाका वडा सदस्यले ५ हजारका दरले सेवा सुविधा पाउनेछन्।

विधेयकमा व्यवस्था भए बमोजिम कर्णाली प्रदेशअन्तर्गतका जिल्ला समन्वय समितिका प्रमुखले ३६ हजार उपप्रमुखले ३४ तथा जिल्ला समन्वय समितिका सदस्यले मासिक रूपमा १२ हजारका दरले सेवा सुविधा बापत रकम पाउने भएका छन्।

कर्णाली प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुन मन्त्री नरेश भण्डारीले प्रदेशसभामा पेश गरेको कर्णाली प्रदेश स्थानीय प्रतिनिधिहरूले पाउने सेवा सुविधासम्बन्धी व्यवस्था गर्न बनेको विधेयक २०७५ माथिको छलफलमा भाग लिँदै कर्णालीका प्रदेशसभाका संसदहरूले स्थानीय तहका उपप्रमुखको जिम्मेवारी धेरै भएकाले प्रमुखको भन्दा केही कम मात्र पारिश्रमिक निर्धारण गर्न सुझाव दिएका थिए।

## 'वरियताअनुसारको सेवासुविधा निर्धारण'

छलफलमा भाग लिदै सांसद गणेशप्रसाद सिंहले जनप्रतिनिधिको वरियताक्रमअनुसारको सेवा सुविधा निर्धारण गर्नुपर्ने बताए। मर्यादा र वरियताका आधारमा सेवा सुविधा कायम गरिनुपर्ने उनको भनाइ थियो

त्यस्तै छलफलमा भाग लिदै सांसद गुलावजंग शाहले स्थानीय प्रतिनिधिहरूको सेवा सुविधाका सम्बन्धमा गाउँपालिका उपाध्यक्ष को तलब २७ हजार हुँदा व्यवहारिक हुने भन्दै संशोधन गर्न सुझाव दिए। जनप्रतिनिधिहरूलाई कामका आधारमा पारिश्रमिक निर्धारण गराइनुपर्ने सांसद शाहले बताए।

सांसदहरूले उठाएका प्रश्नको जवाफ दिँदै कर्णाली सरकारका कानुन मन्त्री नरेश भण्डारीले पारिश्रमिक धेरै बढाउदा प्रदेशकै ढुकुटी सकिने अवस्था भएकोले घाँटी हेरी हाड निल्नुपर्ने अवस्था भएको बताए।

संविधानले कार्यकारी भूमिकाका प्रमुख उपप्रमुख र वडा अध्यक्षलाई दिएकाले वरियताका आधारमा नभई कार्यकारी भूमिकाका आधारमा पारिश्रमिक बढी दिइएको मन्त्री भण्डारीको भनाइ छ।

## महानगरका...

कामपाले शिशु स्याहार केन्द्र, विश्वविद्यालयका सम्पर्क कार्यालय, अस्पतालसहितको मेडिकल कलेज सञ्चालन गर्दा व्यवसाय कर लिने उल्लेख छ। ५ सय देखि १ हजार र १ हजारभन्दा बढी विद्यार्थी अध्ययन गर्ने कलेज, ५० जना र सो भन्दा माथिसम्म विद्यार्थी भएका पूर्वप्राथमिक र मन्टेश्वरी शिक्षा, ५ सयसम्म र ५ सयदेखि १ हजार र सो भन्दामाथि विद्यार्थी भएको आधारभूत र माध्यमिक तहको विद्यालय स्थापना गर्दा व्यवसाय कर लिने व्यवस्था गरेको छ। स्थानीय तहमा विद्यालय शिक्षा समायोजन भइसकेपछि कामपाले सबै किसिमको कर निर्धारण गरेको हो।

त्यसै गरी कामपाले आगामी वर्षबाट सामुदायिक विद्यालयको गुणस्तर अभिवृद्धि र प्रोत्साहन गर्न आधारभूत र माध्यमिक तहको परीक्षामा उत्कृष्ट नतिजा हासिल गर्ने ३-३ विद्यालयलाई प्रत्येक वर्ष २ लाख रुपियाँका दरले महानगर उत्कृष्ट शिक्षा पुरस्कार प्रदान गर्ने भएको छ।

## शहीद...

स्मृति विद्यालयलाई शहीद प्रतिष्ठान नेपालमार्फत सञ्चालन गरिनुपर्ने, सामुदायिक विद्यालयसरहको मान्यता दिनुपर्ने, कर्मचारीलाई स्थायी प्रक्रियामा लैजानुपर्ने कर्मचारीको माग छ। शहीद स्मृति आवासीय बिद्यालय दाङ हेमन्तपुरका प्रधानाध्यापक नारायण पौडेलले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'हामीले विद्यालयका लागि योगदान गर्दै आएका छौं। तर, सेवासुविधाको गणना नै भएको छैन। सहिद स्मृति बिद्यालय र समग्र विद्यार्थीको भविष्यलाई सरकारले संवेदनशील रूपमा हेर्नुपर्छ।' प्रधानाध्यापक पौडेलले स्थानीय तहले बजेट आइसकेपछि आफूहरूलाई केही जानकारी नगराएको र अब केही दिनमै स्थानीय तहलाई विद्यालयले ध्यानाकर्षण गराउने बताउनुभयो। प्रतिष्ठानका अनुसार विद्यालय सञ्चालनका लागि यस आर्थिक वर्षमा १३ करोड रुपियाँ स्थानीय तहलाई उपलब्ध गराइएको छ। सो रकम कर्मचारी र विद्यालयमा खर्च हुनेछ।

प्रतिष्ठानका अध्यक्ष कृष्ण सापकोटाले नेपाल समाचारपत्रसँग भन्नुभयो- 'अब बजेट स्थानीय तहले चलाउँछ। हामीले ती विद्यालयमा समन्वय मात्रै गर्ने हो। स्थानीय तहले आफ्नो योजनामा बजेट पार्नुपर्छ।' प्रतिष्ठानका केन्द्रीय अध्यक्ष सापकोटाका अनुसार नेकपाका अध्यक्ष प्रचण्ड, शिक्षा मन्त्री गिरिराजमणि पोखरेल र प्रतिष्ठानबीच छलफल गरेर विद्यालयको भविष्यका बारेमा दीर्घकालीन योजना बनाइनेछ। विद्यालय सञ्चालनका लागि आधार मानिने पुँजीगत खर्च बजेटमा समावेश गरिएको छैन।

ती विद्यालयमा सशस्त्र द्वन्द्वका क्रममा दुवै पक्षबाट घाइते, अपांग र शहीदका छोराछोरीले अध्ययन गर्दै आएका छन्। ती विद्यालयलाई नेपाल सरकारको सहयोगमा शहीद स्मृति प्रतिष्ठान नेपालले बजेट निर्धारण गरेकै भरमा सञ्चालन हुँदै आएका छन्। तर, स्थानीय तहले भने शहीद स्मृति विद्यालयलाई कसरी सञ्चालन गर्ने भन्ने बारेमा गम्भीरताका साथ नहेरेको पाइएको छ।

## नीति...

यसको संरचना निर्माण गर्दा प्रतिष्ठानका प्रमुखले सम्बन्धित विषय क्षेत्रका ज्ञाता पार्टीका क्रियाशील सदस्यमध्ये २५ जनालाई सदस्यमा नियुक्त गर्ने व्यवस्था छ। प्रतिष्ठान प्रमुखले एक जना कार्यकारी निर्देशकसमेत नियुक्त गर्ने व्यवस्था छ।

केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको उद्देश्यअनुरूप १२औं महाधिवेशनपछि उपसभापतिमा मनोनित हुनुभएका रामचन्द्र पौडेलले तत्काल संरचना बनाइ देशव्यापी प्रशिक्षणको कार्यक्रम अघि बढाए पनि १३औं महाधिवेशनपछि उपसभापतिमा मनोनित हुनुभएका विमलेन्द्र निधिले यो संरचना निर्माण गरी अघि बढाउन चासो नदिएको गुनासो आइरहेको छ।

सभापति देउवाले समेत यसको महत्वलाई ध्यानमा राखी बेलैमा उपसभापति मनोनित नगरेको मात्र हैन उपसभापति मनोनित नहुँदा साविककै प्रतिष्ठानलाई क्रियाशील हुन निर्देशन दिएको भए पनि यो देशव्यापी प्रशिक्षण प्रभावकारी भइरहन्थ्यो। साथै उपसभापति मनोनित नहुँदा सभापति देउवा स्वयम्ले अग्रसरता लिएर प्रतिष्ठानको उद्देश्यअनुरूप कार्य अघि बढाउन सकिने भए पनि यसमा देउवाले ध्यान नदिएको कारणले पनि हालै सम्पन्न तीनै तहको निर्वाचनमा कांग्रेस पराजित हुन बल पुगेको भनी सभापति देउवाको आलोचना भइरहेको छ।

उपसभापतिमा मनोनित भइसकेपछि निधिले तत्काल यसको संरचना बनाएर क्रियाशील गराउनुपर्ने भए पनि उहाँले झन् निष्क्रियता देखाउनुभएको गुनासो आइरहेको छ। यसबारेमा उपसभापति निधिसँग नेपाल समाचारपत्रले जिज्ञासा राख्दा नीति तथा प्रशिक्षण प्रतिष्ठानको संरचना छिट्टै पूर्णता दिएर क्रियाशील बनाउने बताउनुभएको छ।

तत्कालीन अवस्थामा यो प्रतिष्ठानको उद्देश्यअनुरूप प्रभावकारी काम भएकै कारण पनि पहिलो संविधानसभामा निर्वाचनमा नराम्ररी पराजित भएको नेपाली कांग्रेसले दोस्रो संविधानसभाको निर्वाचनमा सबैभन्दा ठूलो दलको हैसियत कायम राख्न सकेको पनि बताइएको छ। तत्कालीन अवस्थामा पार्टीका जिल्ला सचिव, कोषाध्यक्ष, क्षेत्रीय सभापति, कार्यालय सचिव एवं भ्रातृ तथा शुभेच्छुक संघसंस्थालाई प्रशिक्षणको माध्यमबाट जुझारु र क्रियाशील बनाउन पनि प्रतिष्ठानले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो।

यो प्रतिष्ठानले बीपी कोइराला, गणेशमान सिंहजस्ता पार्टीका दिवंगत शीर्ष नेताको शतवार्षिकी समारोहलाई समेत देशव्यापी पदयात्रा, विचारयात्रा, बलिदान यात्राका रूपमा कार्यक्रम गरेर नयाँ पुस्ता र गाउँको तल्लो तहसम्म नेताको विचार र त्यागलाई पुऱ्याउने काम पनि गरेको थियो।

केन्द्रीय नीति तथा प्रशिक्षण प्रतिष्ठानको निष्क्रिय भएको बारे पहिले कार्यकारी निर्देशक भएर प्रभावकारी काम गरिसक्नुभएका मधु आचार्य भन्नुहुन्छ- 'ढिलो गरी मनोनित हुनुभएका उपसभापति निधिले यसलाई छिट्टै गठन गर्न र देशव्यापी प्रशिक्षणका कामहरूलाई तीव्रता दिन गम्भीर रूपमा लाग्नुभएको पाएको छु।' हालै हेटौंडामा सम्पन्न जिल्ला सभापतिहरूको राष्ट्रिय भेलामा आफूसँग भएको भेटमा समेत उपसभापति निधिले प्रतिष्ठानको अघिल्लो टिमसँग परामर्श गरेर तत्काल अघि बढ्ने कुरा बताएको आचार्यले नेपाल समाचारपत्रलाई बताउनुभएको थियो।

## सामन्तीको...

उहाँले फेरि भन्नुभयो- 'यो व्यापार गरेर यो के खोजेको अनि पढाउने बेलामा चैं छाक काटीकाटी मेडिकल कलेजलाई चढाउनुपर्ने, नोकरी पाउने बेलामा २० हजारको पाउने? कतिले त २० हजारको पनि नोकरी पाएको देखिन्न। अनि ऊ विदेश पलायन हुन्छ, यसरी देशको उन्नति हुन्छ ?'

स्वडा. उपेन्द्र देवकोटालले बरु पञ्चायतकालमा पढ्न पाएको तर अहिले गणतन्त्रमा गरिबका छोराछोरीले पढ्न नपाएको दृष्टान्त राख्दै पूर्वप्रधानन्यायाधीश कार्कीले अर्को अनुभव व्यक्त गर्नुभयो- 'मैले मेडिकल पढ्न तिब्र चाहना भएर पढ्न नपाएको, छात्रवृत्ति नपाएको र झुण्डिएर आत्महत्या गर्न बाध्य भएको केटाकेटीलाई देखेको छु। एकदिन एकजना केटीले इजलासमै आफ्नो सबै कुरो पुग्यो ३ पटक जाँच दिएँ यी अपराधिहरूले कहिल्यै पढ्न दिएनन् झुण्डिएर मर्छु भनिन्। मैले दिनैपर्छ भनेर फैसला गरें।'

उहाँले छोराको हत्यामा संलग्नलाई कारबाही गर्न माग गरी ३७ दिनदेखि अनसन बसेकी गगामायालाई न्यायकी देवीको संज्ञा दिँदै पहिले कांग्रेस र अहिले कम्युनिस्टको सरकारले उहाँको आवाजलाई सम्बोधन नगरेकोमा पनि विरोध गर्नुभयो।